

*बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी*

# बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था, अवस्था र चुनौती: प्रदेश कार्यशाला प्रतिवेदन

SOS CHILDREN'S VILLAGES

राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल पुल्चोक, ललितपुर

# Contents


वैकल्पिक हेरचाह सम्बन्धी कोशी ,बागमती ,र गण्डकी प्रदेश स्तरीय कार्यशालाको संयुक्त प्रतिवेदन ..... 3

कार्यशालाले हासिल गरेका उपलब्धि: ..... 4

कोशी प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश स्तरीय कार्यशालाका केही तस्वीरहरू: ..... 5

सहभागिता: ..... 7

बागमती प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश स्तरीय कार्यशालाका केही तस्बिरहरू: ..... 8

कार्यशालाको संक्षेप: ..... 10

सुझाव: ..... 12

गण्डकी प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश स्तरीय कार्यशालाका केही तस्बिरहरू: ..... 14

Executive summary ..... 15

Annexure I ..... 22

Feedbacks ..... 22

# वैकल्पिक हेरचाह सम्बन्धी कोशी ,बागमती ,र गण्डकी प्रदेश स्तरीय कार्यशालाको संयुक्त प्रतिवेदन

## परिचय:

एसओएस बालग्राम नेपाल र राष्ट्रिय बाल अधिकार परिषद्को संयुक्त आयोजनामा गण्डकी, बागमती र कोशी प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: विध्यमान अवस्था र चुनौतीहरू" विषयक प्रदेशस्तरीय कार्यशाला कोशी प्रदेशमा सेप्टेम्बर २७, २०२४, बागमती प्रदेशमा डिसेम्बर ८, २०२४ र गण्डकी प्रदेशमा डिसेम्बर १३, २०२४ सम्पन्न भयो । प्रदेशस्तरीय कार्यशालाले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी वर्तमान अवस्था, चुनौती र अवसरहरूको विश्लेषण तथा सम्बोधन गर्ने उद्देश्यमा सफलता हासिल गर्यो ।

सरकार तथा राज्यका निकायहरु, सरोकारवाला निकायहरु, प्रत्यक्ष प्रभावित हुने बालबालिका र युवाहरु, बाल अधिकार अभियानमा क्रियाशील व्यक्ति तथा संस्था, र वैकल्पिक हेरचाह प्रदान गर्नेहरूको भूमिकालाई केन्द्रित गर्दै वैकल्पिक हेरचाह सम्बन्धी बालबालिकाको अधिकार तथा हेरचाहको क्षेत्रमा हुनेहरुको सर्वोत्तम हित तथा सम्मानित जीवन सुनिश्चित गर्न यस कार्यशालाले योगदान दिने विश्वास गरिएको छ।
कोशी प्रदेशका माननीय सामाजिक विकास मन्त्री श्री पाँचकर्ण राई, बागमती प्रदेशका माननीय सामाजिक विकास मन्त्री श्री हरिप्रभा खड्गी (श्रेष्ठ) र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नु भएको कार्यशालामा नेपालका बालबालिका र युवाहरूले सामना गर्नु परेका चुनौतीहरू सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नु भयो । प्रदेश सरकारले लिने नीति तथा योजनाहरुले यस्तो आवश्यकतामा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सामाजिक सुरक्षामा योगदान गर्ने भएकोले सरोकारवालाहरुले एकीकृत ढंगले यस क्षेत्रमा कार्य गर्न प्रदेश सरकारको तर्फबाट आग्रह गर्नुभयो ।

बाल अधिकार र कल्याण सम्बन्धी महत्वपूर्ण सवालहरुमा छलफल गरिएको कार्यशालामा विशेषज्ञहरू, सरकारी अधिकारीहरू, बालबालिका, सेवा प्रदायक निकाय तथा संस्थाका प्रमुख तथा प्रतिनिधिहरू र वैकल्पिक हेरचाहमा हुर्केका तथा हुर्कदै गरेका बालबालिका र युवाहरुको साझा मंचका रुपमा रहेका यी कार्यशालाको संक्षिप्त प्रतिवेदनले कार्यशालामा अभिव्यक्त विचार, अन्तरक्रिया र विमर्शको संश्लेषण गरेकोछ ।

## कार्यशालाले हासिल गरेका उपलब्धि:

कार्यशालाले हासिल गरेका उपलब्धिहरुलाई तीनै तहका सरकारी निकायहरुको नेतृत्वमा सामाजिक संस्थाहरू, अधिकारकर्मीहरु, बालबालिका तथा युवाहरुको सहकार्यमा निरन्तरता प्रदान गर्ने प्रतिबद्धता गरिएको छ। निर्धारण गरिएका प्राथमिकता तथा उपलब्धिहरुको कार्यान्वयनका लागि निरन्तर वकालत तथा अभियान सञ्चालन गरिनेछ।

- कार्यशालाले वैकल्पिक हेरचाहका विध्यमान नीतिगत व्यवस्था तथा परिवार सवलीकरण कार्यक्रमका सकारात्मक उपलब्धिहरू प्रस्तुत गरी गुणस्तर सुधारका लागि लिनु पर्ने पहल सरोकारहरु माझ उजागर गरेको छ।
- वैकल्पिक हेरचाहमा रहेका बालबालिकाले सामना गर्नु परेका चुनौतीहरू, जस्तै जन्म दर्ता, नागरिकता, बाल संरक्षण, सामाजिक सुरक्षा, भेला तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, स्वच्छ अनलाइन पहुँच, सांस्कृतिक विविधता, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच पुर्याउन थप प्रयास गर्नु पर्ने आवश्यकता रहेको देखियो।
- बालबालिकाको वैकल्पिक हेरचाह प्रदान गर्ने संस्थाहरू र तीनै तहका सरकारी निकाय बीचको सहकार्यलाई सुदृढ गर्न सहयोग पुर्याएको
- छ।
- गुणस्तरीय वैकल्पिक हेरचाहको व्यवस्थाका लागि कार्यरत संस्थाहरू सहित जिम्मेवार निकायहरूको जवाफदेहिता प्रवर्द्धन गर्न योगदान पुर्याएकोछ।
- वैकल्पिक हेरचाहको प्रणालीमा सुशासनको अवस्था र हेरचाहको गुणस्तर सम्बन्धी सार्वजनिक छलफलमा बालबालिका र युवाहरूको संलग्नता बढाएको छ।

## कोशी प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश स्तरीय कार्यशालाका केही तस्वीरहरू:



























SWAGATAM HOTEL



देश कार्यशाला
ATAM HOTEL


SWAGATAM HOTEL




रकाको वैकल्पिक हेरचाहको व्यवस्था,
स्था र चुनौती: प्रदेश कार्यशाला
ATAM HOTEL

## सहभागिता:




कोशी, बागमती र गण्डकी प्रदेश सरकारका प्रमुख पदाधिकारी तथा व्यक्तिहरूले यी कार्यशालाहरुको उद्‌घाटन सत्रमा उपस्थिति तथा सहभागी भई प्रदेश सरकारको तर्फबाट सुझाव सहित शुभकामना तथा सहकार्यको प्रतिबद्धता व्यक्त गर्नु भयो । कोशी तथा बागमती प्रदेशका माननीय सामाजिक विकास मन्त्री, गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सदस्यहरू, स्थानीय सरकारका प्रतिनिधिहरू, प्रदेश सरकारका अधिकारीहरू, बाल कल्याण अधिकारीहरू, बालबालिका र युवाहरू, बाल अधिकार संस्थाहरू र बाल अधिकारका लागि जिम्मेवार केन्द्र सरकारका अधिकारीहरू उपस्थिति तथा सहभागीताले कार्यशालाहरु सरोकारवालाहरुको साझा मञ्च बनेको थियो । सहभागीहरूको प्रतिनिधित्वले नेपालमा गुणस्तरीय वैकल्पिक हेरचाहमा सुधार गर्न र आवश्यक हेरचाह सुसम्बन्धि प्रणाली सुदृढ गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने अन्तरक्रियाले महत्व थपेकोछ । कार्यशालामा सहभागीहरुको संक्षिप्त झलक यस बमोजीम रहेको छ ।

बागमती प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश  स्तरीय कार्यशालाका केही तस्बिरहरू:














नेपाल पत्रकार महासंघ
मकवानपुर


बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था,
अवस्था र चुनौती: प्रदेश कार्यशाला



## कार्यशालाको संक्षेप:

पहिलो प्रादेशिक कार्यशाला सम्पन्न भएको कोशी प्रदेशमा वैकल्पिक हेरचाहको समकालीन अवस्था, चुनौती र सम्भावना सम्बन्धी प्रस्तुतीहरू राष्ट्रिय बाल अधिकार  परिषद्, प्रदेश सामाजिक विकास मन्त्रालय र एसओएस बालग्रामका प्रतिनिधिले गर्नुभयो । प्रदेश सामाजिक विकास मन्त्रालयकी अधिकृत राजकुमारी राईले कोशी प्रदेशमा बालबालिकाको हेरचाह सम्बन्धी कानून, मन्त्रालयका कार्यक्रमहरू, बाल अधिकार सम्बन्धी अवसरहरू र चुनौतीहरूको समालोचान प्रस्तुत गर्नु भयो।

डा. गंगा बहादुर गुरुङ र श्रीराम बजगाईले एसओएस बालग्राम नेपालको तर्फबाट कोशी प्रदेशमा गुणस्तरीय वैकल्पिक हेरचाह: विकासका चरणहरू, हालको अवस्था, जवाफदेहिताका सवाल तथा सम्भावनाहरू' विषयक प्रस्तुति गर्नु भयो। प्रस्तुती पछि सहभागीहरूबाट लिखित प्रतिक्रिया र विचारहरू संकलन गरियो।

यस पश्चात राष्ट्रिय बाल अधिकार परिषद् नेपालका प्रदेश समन्वयकर्ता सुमन अधिकारीले वैकल्पिक हेरचाह सम्बन्धी कानून, बाल अधिकारका सिद्धान्तहरू, बालबालिका सम्बन्धी व्यवस्थाहरू र नेपालमा वैकल्पिक हेरचाहका चुनौतीहरू सम्बन्धी प्रस्तुती गर्नु भयो। प्रस्तुती पछि अतिथिहरू र सहभागीहरूले आफ्ना विचार, प्रश्नहरू र आलोचनात्मक धारणा अभिव्यक्त गर्नु भयो। कार्यक्रमको अध्यक्षता राष्ट्रिय बाल अधिकार  परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले गर्नु भएको थियो ।

दोस्रो कार्यशाला बागमती प्रदेशमा सम्पन्न भयो । सामाजिक विकास मन्त्रालयका सहसचिव खुवीराम अधिकारीले बागमती प्रदेशमा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी कानून, मन्त्रालयका कार्यक्रमहरू, अवसर र चुनौतीहरूको समीक्षा प्रस्तुत गर्नु भयो ।

डा. गंगा बहादुर गुरुङ र श्रीराम बजगाईले एसओएस बालग्राम नेपालको तर्फबाट बागमती प्रदेशमा गुणस्तरीय वैकल्पिक हेरचाह: विकासका चरणहरू, हालको अवस्था, जवाफदेहिताका सवाल तथा सम्भावनाहरू' विषयक प्रस्तुति गर्नु भयो। प्रस्तुती पछि सहभागीहरूबाट लिखित प्रतिक्रिया र विचारहरू संकलन गरियो ।

यस पश्चात राष्ट्रिय बाल अधिकार परिषद् नेपालका अधिकृत तथा सुचना अधिकारी रामबहादुर चन्दले वैकल्पिक हेरचाह सम्बन्धी कानून, बाल अधिकारका सिद्धान्तहरू, बालबालिका सम्बन्धी व्यवस्थाहरू र नेपालमा वैकल्पिक हेरचाहका चुनौती सम्बन्धी प्रस्तुती गर्नु भयो। प्रस्तुती पछि अतिथिहरू र सहभागीहरूले आफ्ना विचार, प्रश्नहरू र आलोचनात्मक धारणा अभिव्यक्त गर्नु भयो। कार्यक्रमको अध्यक्षता राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले गर्नु भएको थियो ।

गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका उपसचिव तोयनाथ लम्साल, एसओएस बालग्राम नेपालका श्रीराम बजगाई र राष्ट्रिय बाल अधिकार परिषद्का अधिकृत तथा सुचना अधिकारी रामबहादुर चन्दले वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था, स्थिति र सरोकार सम्बन्धी प्रस्तुती प्रस्तुत गर्नु भयो । बालबालिकाले सामना गर्नुपरेका चुनौतीहरू, हेरचाहको अवस्था, बाल अधिकार को अवस्था तथा वैकल्पिक हेरचाहको गुणस्तर सुधारका प्राथमिकता प्रस्तुत गरे पश्चात लिखित सुझाव तथा विचार प्रस्तुतिको सत्र सञ्चालन गरिएको थियो। कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव दीपक नेपालले गर्नुभएको थियो ।

वैकल्पिक हेरचाहमा बसेर स्वतन्त्र जीवनमा प्रवेश गरेकाहरुले सामाजिक एकीकरण र पहिचानको संकटलाई चुनौतीको रुपमा आफ्ना धारणाहरु प्रस्तुत गर्नु भयो । वैकल्पिक हेरचाहबाट समाजमा प्रवेश गर्ने बालबालिकाले सामना गर्नुपरेका संघर्षलाई सहजीकरण गर्न राज्यले ध्यान पुर्याउनु पर्ने सुझाव यस अवसरमा प्राप्त भएको थियो।

कार्यशालाका अवसरमा नीति कार्यान्वयन, वैकल्पिक हेरचाहको आवश्यकता पूर्ति गर्न स्थानीय र प्रदेश सरकारहरूको जवाफदेहिता, स्रोत परिचालन, अनलाइन पहुँच र सुरक्षा, सांस्कृतिक सहभागिताको अवसर, गुणस्तरीय शिक्षा, बाल क्लब गतिविधि, सामाजिक घुलमिल र सामाजीकरण, वित्तीय साक्षरता र वित्तीय गतिविधिमा सहभागिता, सामाजिक सुरक्षा र एकीकृत बाल संरक्षण प्रणाली जस्ता प्रमुख विषयहरुमा ध्यान दिनु पर्ने समग्र सुझाव प्राप्त भएको थियो । भविष्यका रणनीतिहरू निर्माण गर्न, हेरचाह नीति सुधार र गुणस्तरीय हेरचाहका लागि कार्यशालाले योगदान गर्ने अपेक्षा गरिएको छ ।

## सुझाव:

कार्यशालामा भएका प्रस्तुति तथा छलफलका आधारमा निम्न सुझावहरु संश्लेषण गरिएको छ :

*बाल संरक्षण प्रणाली सुदृढ गर्ने:*

- वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको सुरक्षा तथा हेरचाह एवं सवै प्रकारका वैकल्पिक हेरचाहमा स्थानीय बाल संरक्षण प्रणालीले अनुगमन तथा अधिकार रक्षामा क्रियाशील रहेको सुनिश्चित गर्नु पर्ने ।
- स्थानीय बाल अधिकार संरक्षण संयन्त्र: बाल कल्याण अधिकारी, सामाजिक कार्यकर्ता, बाल मनोविज्ञ, बाल कोष र स्थानीय बाल अधिकार समिति क्रियाशील बनाउन सम्पूर्ण स्थानीय तहले प्राथमिकताका साथ सुनिश्चित गर्नु पर्ने ।

*बालबालिका हेरचाहकर्ता तालिम सञ्चालन गर्ने:*

- बाल अधिकार, सकारात्मक अभिभावकत्व र मनोसामाजिक स्वास्थ्य सम्बन्धमा हेरचाहकर्ताहरूका लागि तालिमहरू प्रदान गर्नु पर्ने ।
- हेरचाहकर्ताहरूको क्षमता विकास गर्ने र बालबालिकाका लागि गुणस्तरीय हेरचाह सुनिश्चित गर्नु पर्ने ।

*वैकल्पिक हेरचाहमा परिवारजस्तो वातावरण प्रवर्द्धन गर्ने:*

- वैकल्पिक हेरचाहमा परिवारजस्तै हेरचाहको अवस्था सुनिश्चित गर्नु पर्ने । जस्तै, नातेदारी हेरचाह तथा पारिवारिक हेरचाह र परिवारमा आधारित संस्थागत हेरचाह ।

- वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा मात्र बाल गृह जस्तो संस्थागत आवासीय संरक्षण  प्रदान गर्नु पर्ने ।
- प्रत्येक बालबालिकाको सर्वोत्तम हित  केन्द्रित व्यक्तिगत हेरचाह योजना विकास गर्ने र समाजमा पुनः एकीकरण तथा पुन:स्थापना गर्नु पर्ने ।

*आधारभूत अधिकारमा पहुँच सुनिश्चित गर्ने:*

- बालबालिकाको बचाउ, संरक्षण, सहभागिता र विकास सम्बन्धी अधिकारहरू, जस्तै शिक्षा, स्वास्थ्य सेवा र मनोसामाजिक हेरचाहमा पहुँच सुनिश्चित गर्नु पर्ने ।
- वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको जन्म दर्ता र नागरिकता सम्बन्धी सवालहरु सम्बोधन गर्न नीतिगत तथा कानूनी सुधार तथा कार्यान्वयन गर्न सहजीकरण गर्नु पर्ने ।
- अनलाइन सुरक्षा सम्बन्धी सरोकारहरु र स्वच्छ डिजिटल प्लेटफर्ममा सुरक्षित  पहुँच स्थापित गर्ने ।
- आफ्नो संस्कृति सहितको सम्मानित जीवन र आधारभूत अधिकार सुनिश्चित गर्ने।

*सरोकारवाला बीचको सहकार्य:*

- बाल अधिकार  संरक्षण तथा सम्बर्धन नीतिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सरकारी निकाय, नागरिक समाज र वैकल्पिक हेरचाहमा काम गर्ने सामाजिक संस्था बीच सहकार्य बढाउने।
- वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको आवश्यकता र प्रगतिको अनुगमन गर्न एकीकृत अनुगमन तथा रिपोर्टिङ प्रणाली स्थापना गर्ने।

*पर्याप्त स्रोत सुनिश्चित गर्ने:*

- बाल अधिकार  र संरक्षणको क्षेत्रमा  आवश्यक बजेट व्यवस्था गर्ने, कोषहरू प्रभावकारी रूपमा प्रयोग गरी बालबालिकालाई योगदान गर्नु पर्ने।
- लक्षित सामाजिक सुरक्षा योजनाहरू मार्फत वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई वित्तीय, शिक्षा, स्वस्थ्य लगायत सामाजिक सहयोग प्रदान गर्नु पर्ने ।



गण्डकी प्रदेशमा "बालबालिकाको वैकल्पिक हेरचाह: वर्तमान अवस्था र चुनौतीहरू" विषयक प्रदेश स्तरीय कार्यशालाका केही तस्बिरहरू:





















# Executive summary

## Provincial Workshop on Alternative Care: A consolidated report of Gandaki, Bagmati and Koshi Provinces

### Introduction:

SOS Children's Villages Nepal and the National Child Rights Council Nepal (NCRC) organised the *"Provincial Workshops on Alternative Care of Children: Contemporary Situation and Challenges"* in Gandaki, Bagmati, and Koshi Provinces. The first workshop was held in Koshi Province on 27 September 2024, the second in Bagmati Province on 8 December 2024, and the third in Gandaki Province on 13 December 2024. The provincial workshops aimed to engage stakeholders in addressing challenges and involving them in discussions about potential opportunities to strengthen children's rights to alternative care, with a focus on the roles of government, stakeholders, beneficiaries, and care providers. The workshops intended to promote the acceptance of children's rights and a dignified life in all forms of alternative care settings.

The event in Koshi Province was inaugurated by the Honorable Minister for Social Development of Koshi, Mr Panchkarna Rai; in Bagmati by the Honorable Minister for Social Development of Bagmati, Ms Hari Prabha Khadgi (Shrestha); and in Gandaki by Honorable Chief Minister, Mr Surendra Raj Pandey, of Gandaki Province. Their presence underscored the government's commitment to addressing the challenges faced by children and young people in Nepal.

These events successfully highlighted critical issues related to child rights and welfare. They brought together experts, government officials, children, service providers, and care leavers to discuss and plan for improved quality of care across all alternative care settings.

The workshops facilitated interaction and brainstorming on areas for improvement and potential interventions. Participants including government officials, child rights activists, care providers, care leavers, and children discussed the current state of alternative care, identified gaps, and made recommendations for enhancing quality care and advancing care reform.

### Key highlights of the workshop:


The workshop successfully delivered the following outcomes, which will be monitored and further strengthened through collaboration among the three spheres of government and relevant civil society organisations:

- Showcased the positive achievements of existing alternative care services and family-strengthening programmes, while highlighting gaps in quality care and the urgent need for care reform.
- Brought attention to the challenges faced by children in alternative care, including issues related to birth registration, citizenship, child safeguarding, social security, freedom of association, safe online access, cultural diversity, and access to quality education and healthcare.
- Strengthened collaborative efforts among the three spheres of government (local, provincial, and federal) and organisations providing alternative care for children.
- Enhanced stakeholder engagement to promote the accountability of responsible authorities, including organisations working to uphold children’s rights to quality alternative care.
- Encouraged the participation of children and young people in alternative care governance and public discourse on care quality.

## Participants:

Key figures from the provincial governments Mr Panchkarna Rai, Honorable Minister for Social Development of Koshi Province; Ms Hari Prabha Khadgi, Honorable Minister for Social Development of Bagmati Province; and Mr Surendra Raj Pandey, Honorable Chief Minister of Gandaki Province officially inaugurated by.

A wide range of representatives participated in the workshops, including Honorable Members of the Provincial Parliament, representatives from local government, officials from the provincial government, child welfare officers, children and young people, child rights organisations, and officials from the national government responsible for child rights. The composition of participants reflects the inclusive nature of the workshops, ensuring the engagement of diverse stakeholders who can play a vital role in strengthening the quality of alternative care and advancing necessary care reform in Nepal.



## Brief procedure of the workshops

During the workshop in Koshi Province, presentations on the contemporary context, challenges, and prospects of alternative care in Nepal were shared by both government and non-government representatives. Ms Raj Kumari Rai, Officer at the Ministry of Social Development, presented an overview of child care, relevant laws, ministry programmes, and the opportunities and challenges related to child care in Koshi Province.

Similarly, Dr Ganga B. Gurung and Mr Shree Ram Bajgain presented a paper titled *'Quality Alternative Care in Koshi Province: Evolutionary Stages, Present Status, Accountability Concerns, and Prospects'.* Following the presentation, written feedback and opinions were collected from participants. In addition, Mr Suman Adhikari, Province Coordination Officer at the National Child Rights Council (NCRC), delivered a presentation on laws related to alternative care, principles of child rights, relevant provisions, and the challenges facing alternative care in Nepal. The session included reflections, questions, and critical commentary from guests and participants. The event was chaired by Mr Bam Bahadur Baniya, Vice-Chairperson of NCRC.

The second workshop was conducted in Bagmati Province. Mr Khubiram Adhikari, Joint Secretary at the Ministry of Social Development, provided an overview of child care, legal frameworks, ministry programmes, and the key opportunities and challenges in Bagmati Province. As in Koshi, Dr Ganga B. Gurung and Mr Shree Ram Bajgain presented their paper on '*Quality Alternative Care in Koshi Province: Evolutionary Stages, Present Status, Accountability Concerns, and Prospects',* followed by the collection of written feedback and opinions from participants. Mr Ram Bahadur Chand, Officer and Information Officer at the NCRC, also presented on the legal aspects of alternative care, child rights principles, relevant provisions, and national challenges. This session too included feedback, questions, and reflections from attendees and was chaired by Mr Bam Bahadur Baniya, Vice-Chairperson of NCRC.

In Gandaki Province, presentations were delivered by Mr Toyanath Lamsal from the provincial government, Mr Shree Ram Bajgain from SOS Children's Villages Nepal, and Mr Ram Bahadur Chand. They discussed the current context, situation, and issues faced by children in alternative care across Nepal. Their presentations outlined the key challenges these children face and proposed plans to improve their living conditions and the quality of care, while also addressing broader concerns regarding care reform. Written responses and feedback from participants were collected to enrich the discussion and shape future recommendations. The event was chaired by Mr Deepak Nepal, Joint Secretary at the Ministry of Women, Children and Senior Citizens, Government of Nepal.

During the events, care leavers shared their personal stories, highlighting challenges around social integration and identity crises as former residents of alternative care. Their insights offered a valuable, firsthand perspective on the difficulties faced by children transitioning from alternative care to independent living within society.

The workshops also received substantial input on policy implementation and the accountability of local and provincial governments in meeting the needs of children in alternative care. Key issues discussed included resource allocation, online safety and access, multicultural settings, quality education, child club activities, social communication and integration, financial literacy, participation in financial activities, social security, and child protection mechanisms. These contributions are significant in shaping future strategies and ensuring that the voices of stakeholders are central to care policy reform and the implementation of quality care interventions.

## Recommendations

Based on the discussions and feedback from the workshops, the following recommendations were derived:

*Strengthen Child Protection Mechanisms:*

- Implement robust child protection mechanism at local level to ensure appropriate safeguarding policies and procedures in all child care organisations, with clear reporting and responding mechanisms.
- Ensure that child safeguarding is a priority at the local level, with dedicated child welfare officer, social worker and Child Rights Committee.

*Enhance Caregiver Training:*

- Provide comprehensive training for caregivers on child rights, positive parenting, and psychosocial support.
- Establish institutions to develop the capacity of caregivers and ensure quality care for children.

*Promote Family-Like environment in care setting:*

- Prioritise family-like environment and component in every care options, such as family-based care, kinship care, over institutional care.
- Develop individualised care plans for each child, focusing on their best interests and efficient reintegration plan into society.

*Ensure Access to Basic Rights:*

- Guarantee children's rights to survival, protection, participation, and development, including access to education, healthcare, and psychosocial support.

- Address issues related to birth registration and citizenship to prevent identity crises among children in alternative care.
- Address the online safety concerns and hygienic access to the digital platforms.
- Ensure dignified life and basic rights for cultural diversity.

*Improve Coordination Among Stakeholders:*

- Foster collaboration between government agencies, civil society organisations, and care providers to ensure effective implementation of child protection policies.
- Establish integrated reporting systems to track the needs and progress of children in alternative care.


*Allocate Adequate Resources:*

- Increase budget allocations for child welfare programmes, ensuring that funds are used effectively to benefit children.
- Provide financial and social support to children in alternative care through targeted social protection schemes.



# Annexure I

## Feedbacks




-others.


Challanges
- Psychological challanges.
- Peer pressure
- Social challange
  - Challange to ~~reestab~~ re-establish in the society as they may be away from those children who has children
- Cultural challanges.
- Budget and financial challanges

• Very few children are familias about their rights.


Recommendations.
• Establishment of child friendly environment (physical, psychological and social prospective).
• Psychological councillor's presence
• Maintainance of food standard on care home.



• Availability of proper play ground, friendly environment, digital equipments, etc. that are essential for overall developments.



1.
→ During the practice of alternative care as per my views a child goes through alot of challenges. These challenges usually occurs when a child is taken care by other members in family or other trusted ones.
- Discrimination between their own children and the ones whom they have cared can take place which can lead causing various mental problems to them.
- They may have to work more than they actually can ~~to~~ when they are alternately taken care by family members.
- No proper governance and comfort
- They ~~are Fin~~ can be financially ~~illiterate~~ unware or illitrate.



2. How does the provincial policy envision provincial government's role in alternative care.

— प्रदेश सरकारको तर्फबाट ~~स्थान~~ जस्तै जिल्लाको समन्वय संयोजनमा उक्त को समिति गठन गरी सरोकारवाला कार्यालय समिति गठन गरी बाल कार्यक्रमको लागि बजेट विनियोजन गरी वैकल्पिक हेरचाहको व्यवस्थापन गर्न सकिन्छ।

3. What are the local and provincial mechanisms to govern alternative care in Nepal.

— राष्ट्रिय तह र प्रदेश तहका यन्त्र निर्माण भएको छैन
यसलाई समन्वय, सहकार्य र सक्रियता NCRS-ले SOS ले तालिमको माध्यम, नीति, कार्यविधि, निर्देशिका माध्यम बाट कार्यान्वयन गर्न सकिन्छ।

# Recommendations:

1) What policy or resources are available in the local level to govern alternative care?

Ans- स्थानीय तह मा बालअधिकार समिति गठन गरी बालकोष स्थापना गरी संरक्षण गर्न सकिन्छ। र बालकल्याण अधिकारी कर्मचारी नियुक्ति गरी कार्यक्रम संचालन गरी बालमैत्री गाउँ पालिका र नगरपालिका स्थानीय तह हरु Child Right को प्रवर्धन गर्न सकिन्छ।

प्रदेश स्तरीय बाल संरक्षण नीति निर्माण भएको।

- स्थापना तथा बालमनोविज्ञ प्राधिकार भएको छ।

→ policy

- प्रदेश बाल अधिकार संरक्षण ऐन- २०८०
- प्रदेश बाल अधिकार समिति
- दीर्घकालीन पुनःस्थापना गृह
- बाल विवाह प्रादेशिक रणनीति

practice:

- Budget allocation
- co-ordination-
- monitoring and feedback.

Recommendation

- co ordination between three tiers of ~~governance~~ government.
- Integrated Reporting System
- Evidence based child right, policy, program and implementation

MOSD Koshi

Policy

i) केही स्थानीय तहमा मात्र policy / resources को व्यवस्था गरिएको छ।
Like. बालगृह, बालकल्याण अधिकारी

~~→ बालबालिका स~~

ii). प्रदेश बाल~~बालिका~~ अधिकार संरक्षण ऐन, २०८०
- प्रदेश बाल अधिकार समिति लगायतका नीतिगत व्यवस्था
- बालविवाहविरुद्ध रणनीति

(iii) ~~अ~~ दिर्घकालीन पुनःस्थापना गृह

Practice

-> Budget allocations
-> Co-ordination
-> Monitoring and feedback

Recommendations:

-> Co-ordination between three tiers of goverment.
-> Integrated Reporting System
-> Evidence ~~best~~ based child right policy, program and imp…

(१) बालअधिकारको सम्बन्धमा बालमैत्रि कार्यक्रमहरु कुन कुन शिर्षकमा छन्?

(2) बालबालिकाको क्षमता विकास सम्बन्धि कुन कुराले अथवा कस्ता कार्यक्रमले बालबालिकालाई संरक्षण गर्न सकिन्छ र कोशी प्रदेशको सम्पुर्ण विद्यार्थीहरुमा नेतृत्व विकास सम्बन्धी कार्यक्रम आवश्यक छ।

(3) बालबालिकाको दुरव्यवहार र बलत्कार जस्तो जघन्य अपराधमा कानुनमा कडा हुनु पर्यो।

बिराटनगर महानगरपालिका) बालकल्याण अधिकारी

स्थानिय सरकारले वैकल्पिक हेरचाह सम्बन्धी के के नीति बनाएको छ?

1. वडास्तरीय बाल अधिकार समिति रहेको।
2. नगर बाल अधिकार समिति गठन नभएको
3. बालकल्याण अधिकारी नियुक्ति भएको।
4. बाल संरक्षण तथा सम्बोधन कार्यविधि २०७८ निर्माण भएको।

५। बालमैत्री स्थानीय शासन निर्देशिका तयारी २०८० जारी भएको।

(५) बालकोष स्थापनाको लागि बजेट विनियोजन भएको।

(6) बालक्लब गठन तथा संचालन कार्यविधि तयार भएको।

(८) विद्यालय बालक्लब, वडाबालक्लब, नगरबालक्लब संजाल।

(९) सहाराविहिन बालबालिकालाई संरक्षणका लागि स्थानिय बाल गृहमा राख्ने व्यवस्था र बजेट उपलब्ध गराउने गरिएको।

प्रदेशमा बालबालिका सम्बन्धी रहने तथा कार्यविधी हरु.

- बालबालिका सम्बन्धी
→ बालसंरक्षण कार्यविधी २०७८ पास भएको छ।
→ बालकल्याण अधिकारी भएको।
→ वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्थाका लागी मास नेपाल द्वारा सञ्चालित (१०९८) हेल्पलाइन सेवा रहेको छ।
→ बाल मैत्री भवन निर्माण भइसकेको।
→ बालबालिका सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन भएका छन्। जस्तै बालविवाह न्युनिकरण, बालक्लब गठन तथा परिचालन
→

खाँदबारी न.पा.
संखुवा